# स्वस्थ विद्यालयः आमाबुवाहरूको लागि सुझावहरू



लागूऔषध विरुद्धको शिक्षा सेक्सन, शिक्षा विभागद्वारा प्रकाशित http://www.edb.gov.hk/antidrugforparents जुलाई 2014 (तेस्रो प्रकाशन)

## लागूऔषध ओसारपसारमा बढ्दो सङ्ख्यामा युवा-युवतीहरूको संलग्नता

गर्मी बिदा सुरु भइसकेको हुनाले, हामी आमाबुवाहरूलाई आफ्नो बच्चाहरूको रेखदेख गर्न जारी राख्न सुझाव दिन्छौं किनभने विद्यालय बिदाहरूको अवधिमा दुष्ट मानिसहरूले युवा-युवतीहरूलाई लागूऔषध सेवन गर्नमा र लागूऔषध ओसारपसार गर्नमा ललचाउनको लागि सदैव विभिन्न उपायहरू अपनाउँछन्। तिनीहरूका बच्चाहरूलाई अस्वस्थकर कार्यहरूबाट प्रभावित हुनबाट जोगाउन, आमाबुवाहरूले आफ्ना बच्चाहरूसँग स्वस्थकर क्रियाकलापहरूको योजना बनाएर तिनीहरूमा सामिल भएर गर्मी बिदाको समयलाई राम्ररी उपयोग गर्नुपर्छ।

लागूपदार्थ दुर्व्यसनको केन्द्रिय रेजिस्ट्री अनुसार, 2014 को पहिलो त्रैमासिकमा प्रतिवेदित लागूपदार्थ दुर्व्यसनीहरूको सङ्ख्या, 2013 को यसै अवधिको सङ्ख्याभन्दा 13% कम थियो। यद्यपि, हङकङ प्रहरीद्वारा जारी गरिएको पछिल्लो सूचनाले देखाउँछ कि खतरनाक लागूऔषधको ओसारपसारमा संलग्न भएको हुनाले पक्राउमा परेका 10 देखि 15 वर्षका युवा-युवतीहरूको सङ्ख्या 2012 मा 52 बाट 2013 मा 95 मा वृद्धि भएको छ, जसले 82% ले वृद्धि भएको देखाउँछ। धेरै युवा-युवतीहरूलाई लागूऔषधको अवैध ओसारपसारमा संलग्न मानिसहरूले भ्रममा पारेका थिए कि 16 वर्षभन्दा कम उमेरको भएको हुनाले, तिनीहरू कानूनी रूपमा लागूऔषध औसारपसार र लागूपदार्थ दुर्व्यसनको लागि वयस्कहरू भन्दा कम उत्तरदायी हुन्छन्। तिनीहरूलाई लागेको थियो कि कारावासको सजाय सुनाउनुको सट्टा तिनीहरूलाई केवल परीक्षावधि अधिकारीहरूको निरीक्षणमा परीक्षावधिमा राखिनेछ। वास्तवमा, हङकङको कानून अनुसार, लागूऔषध ओसारपसारको अपराधमा दोषी पाइएको व्यक्ति, $50,00,000 बराबरको जरिवाना र आजीवन कैदको भागी बन्नेछ। तसर्थ, लागूऔषधको अवैध ओसारपसारमा संलग्न व्यक्तिहरूलाई कुनैपनि मौका नदिनको लागि, आमाबुवाहरूले तिनीहरूको बच्चाको व्यवहार प्रति ध्यान दिनुपर्छ, मार्गनिर्देशन प्रदान गर्नुपर्छ र तिनीहरूलाई सकारात्मक गुण सिकाउनुपर्छ।

### 16 वर्षभन्दा कम उमेरको केटो संलग्न एउटा अदालतीय मामिला जसलाई 1.45 केजी केटामाइनको ओसारपसारमा संलग्न भएको भनि दोषी ठहर गरिएको थियो

**नाम:** मिङ (अज्ञात नाम)

**उमेर:** 15

**लिङ्ग:** पुरुष

**मुद्दा:**

खतरनाक लागूऔषध ओसारपसार (1.45 केजी केटामाइन)

**सजाय:**

8.5 वर्षको कारावास




मिङको "नयाँ साथी" ले उसलाई सम्पर्क गर्छ र केही बहुमूल्य चियापत्तीको डेलिभरी गरेर पैसा आर्जन गर्न चाहन्छौ कि भनि सोध्छ, जसको लागि उसलाई $1,500 दिइनेछ। उसले त्यो प्रस्ताव स्वीकार्छ र उसलाई तुरुन्त भनिएको पैसा दिइन्छ। मिङ र उसको "नयाँ साथी" ले शेउङ्ग शुइको एउटा सबवे भित्र रहेको एउटा ट्राफिक कोन तलबाट दुईवटा झोला लिन्छन्। उसलाई एउटा झोला राखिराख्न र पछि अरू कसैलाई दिन भनिन्छ। त्यसपछि तिनीहरूलाई सादा कपडा लगाएका भन्सार तथा अन्तशुल्क विभागका अधिकारीहरूले रोक्छन्। तिनीहरूको झोलाको खोजतलासी गरिन्छ, जसमा 1.45 केजी केटामिन फेला पर्छ। मिङ पक्राउमा ऊ केवल 15 वर्षको थियो। अपील अदालतद्वारा दिइएको दण्डादेश मार्गनिर्देशनहरू अनुसार, 1 केजी भन्दा बढी मात्रामा केटामाइन ओसारपसारमा संलग्न अपराधीलाई 14 वर्षभन्दा बढीको कारावास सजाय सुनाइनेछ। मिङले गल्ती स्वीकारेको हुनाले, उसलाई 8.5 वर्षको कारावास सजाय सुनाइयो।

*स्रोत: हङकङ विशेष प्रशासनिक क्षेत्रको उच्च अदालतको वेबपेज*

** 此內容不提供中文版本*

** यो भागको लागि कुनै चिनियाँ संस्करण प्रदान गरिएको छैन*



### लागूऔषध सम्बन्धी कानूनको अधिकतम सजाय


| क्रियाकलाप | जरिवाना | कारावास |
|---|---|---|
| लागूऔषध धारण र प्रयोग | HK $1,000,000 | 7 वर्ष |
| लागूऔषध ओसारपसार | HK $5,000,000 | आजीवन कारावास |
| खतरनाक लागूऔषधहरूको उत्पादन | HK $5,000,000 | आजीवन कारावास |
| लागूऔषध सेवन गर्नको लागि पाइपहरू र उपकरणहरू, इत्यादिको धारण | HK $10,000 | 3 वर्ष |

## युवा-युवती लागूपदार्थ दुर्व्यसनको पछिल्लो स्थिति

स्रोत: लागूपदार्थ दुर्व्यसनको केन्द्रिय रेजिस्ट्री, सुरक्षा विभागको नार्कोटिक्स विभाग


(2014 को पहिलो त्रैमासिकको तथ्याङ्क)

### 21 वर्षभन्दा कम उमेरका लागूपदार्थ दुर्व्यसनीहरूको लागि लागूपदार्थ सेवन गर्ने स्थान






- तथ्याङ्कले लुकीछिपी लागूपदार्थ दुरुपयोग गर्ने बढ्दो क्रमलाई देखाएको थियो। कम उमेरका धैरजसो लागूपदार्थ दुर्व्यसनीहरू घरमा लागूपदार्थ सेवन गर्न रुचाउँछन्
- भर्खरै पत्ता लागेकाहरुद्वारा लागूपदार्थ दुर्व्यसनीको औषत समय 2008 मा 1.9 वर्षबाट 2014 को पहिलो त्रैमासिकमा 5.3 वर्षसम्म वृद्धि भएको छ

### बसोबास गर्ने जिल्ला अनुसार 21 वर्ष भन्दा मुनिका प्रतिवेदित लागूपदार्थ दुर्व्यसनीहरू




## सामान्य प्रकारका लागूपदार्थ दुर्व्यसनहरू



## लागूपदार्थ दुर्व्यसनको कारण




**पहिलो पटक लागूपदार्थ सेवन गर्ने औसत उमेर**

| | |
|---|---|
| **पुरुष** | 15 वर्ष |
| **महिला** | 14 वर्ष |




## आमाबुवाहरूको लागि लागूऔषध विरुद्धको शिक्षा सुझावहरू

यदि तिनीहरूले आफ्ना बच्चाहरूमा निम्न लक्षणहरू/ व्यवहारहरू देखेमा, आमाबुवाहरूले मार्गनिर्देशनहरू प्रदान गर्नुपर्छ र समयमै विज्ञहरूबाट मद्दत लिनुपर्छ:

- बिना कारण विद्यालयमा उपस्थित नहुने र अकस्मात् रूपा शैक्षिक कार्यसम्पादनमा पछि पर्नु
- पटक-पटक धैरै अबेरसम्म बाहिर बस्नु, लामो समयसम्म वा बारम्बार घरमा उपस्थित नहुनु
- बारम्बर रूपमा पकेट खर्चको लागि थप पैसा मागिरहनु वा घरबाट बहुमूल्य वस्तुहरू हराउनु
- असाधारण रूपमा लामो समयको लागि तिनीहरूको आफ्नो शयन कक्ष/शौचालयमा समय बिताउनु वा परिवारका अन्य सदस्यहरूबाट टाढा रहनु
- मनस्थितिमा अचानक परिवर्तन हुनु, असाधारण रूपमा उत्तेजित हुनु, कमजोर स्मरण शक्ति, श्रवण वा दृश्य मतिभ्रम, छिटो रिसाउनु, व्यग्रता र नमिलेको सुर्ने ढाँचा
- खान मन नलाग्नु, थकान, अस्पष्ट बोली, ढिलो प्रतिक्रिया दिनु
- तिनीहरूका साथीहरूको चियाउने बानी हुनु र गुप्त भाषामा बोल्नु
- शरीरबाट नरामो गन्ध आउनु
- अज्ञात स्रोतबाट आएको चक्कीहरू र धूलो, औषधिजन्य सामग्रीहरू जस्तै कफ सिरब बोतलहरू, टिनको पाता, प्लास्टिक बोतलहरू वा दुईवटा स्ट्र भएका पेयपदार्थको कयौं कार्टुनहरू, असामान्य रूपमा छोटो स्ट्रहरू, इत्यादि राख्नु।

**यदि तपाईंले आफ्नो बच्चाले लागूपदार्थ सेवन गरिरहेको फेला पार्नुभयो भने शान्त रहनुहोस्**

**आलोचना नगर्नुहोस्, पहिला तिनीहरूको कुरा सुन्नुहोस् र विज्ञहरूबाट सहयोग लिनुहोस्**



*स्रोत:सुरक्षा विभागको नार्कोटिक्स डिभिजन*

# तपाईंलाई लागूऔषध बारे कत्तिको थाहा छ?

निम्न दुई कुराहरू: टिश्यूहरूको प्याकेट र बैङ्कनोटहरू सामान्य देखिन्छन्, तर वास्तवमा तिनीहरू लागूऔसधसँग सम्बन्धित हुन्छन्।



तस्वीर 1




तस्वीर 2

**तस्वीर 1 :**
केही लागू पदार्थ दुर्व्यसनीहरूले टिश्यूलाई जैविक घोलकमा भिजाउँछन् ताकि तिनीहरूले चाहेको बेला यसको वाफलाई श्वासद्वारा लिन सकून् तर यसलाई सजिलै फेला पार्न सकिँनेछैन।

**तस्वीर 2 :**
लागूपदार्थहरू (उदाहरणको लागि: केटामाइन) लाई बैङ्कनोटहरूले बेरिन्छ। यसले तिनीहरूलाई थव वहनीय बनाउँछ र कारोबारहरू थप सहज तरिकाले गर्न सकिन्छ।

## मद्दत लिने



| | |
|---|---|
| 186 186<br>**लागूऔषध विरुद्धको टेलिफोन सोधपुछ सेवा** | एउटा 24-घण्टे लागूऔषध विरुद्धको टेलिफोन सेवा हटलाइन जसको रेखदेख पेशेवर समाज सेवीहरूले गर्छन्। यसले लागूपदार्थ दुर्व्यसनीहरू र तिनीहरूका आमाबुवाहरूलाई मद्दतको एउटा माध्यम उपलब्ध गराउँछ। |
| 98 186 186<br>**तुरुन्त सन्देश पठाउने माध्यमहरू - WhatsApp, WeChat मार्फत लागूऔषध विरुद्धको सोधपुछ सेवा** | "98 186 186" मा सन्देश पठाउनको लागि तपाईंले दुईवटा मोबाइल फोन एप्लिकेसनहरू प्रयोग गर्न सक्नुहुन्छ। सुझाव र सहायता प्रदान गर्नको लागि यस सेवालाई पेशेवर समाजसेवीहरूले सञ्चालन गर्छन्। |

## नशालु पादर्थ सेवन गर्नेहरूको लागि 11 परामर्श केन्द्रहरू

**तुङ्ग वाह ग्रुप अफ हस्पिटल्स - क्रस सेन्टर**

सेन्ट्रल वेस्टर्न, साउदर्न र आइल्याण्ड्स कार्यालय (सेन्ट्रल वेस्टर्न, साउदर्न र आइल्याण्ड्स जिल्लाहरू) टेलिफोन : 2884 0282

इस्टर्न र वानचाइ कार्यालय (इस्टर्न र वानचाइ कार्यालय जिल्लाहरू) टेलिफोन : 2884 0282

**हङकङ लुथेरान सोसियल सर्भिस**

एभरग्रिन लुथेरान सेन्टर (क्वुन टङ्ग जिल्ला) टेलिफोन : 2712 0097

रेन्बो लुथेरान सेन्टर (वङ्ग टाइ सिन र साइ कुङ्ग जिल्लाहरू) टेलिफोन : 2330 8004

चियर लुथेरान सेन्टर (ताइ पो र नर्थ जिल्लाहरू) टेलिफोन : 2660 0400

**हङकङ क्रिस्चियन सर्भिस**

PS33 - सिमसात्शुइ सेन्टर (कौलुन सिटी र याउ सिम मङ्ग जिल्लाहरू) टेलिफोन : 2368 8269

PS33 - शाम शुजि पो सेन्टर (शाम शुजि पो जिल्ला) टेलिफोन : 3572 0673

**हङकङ चिल्डरेन एन्ड युथ सिभिसेस सेन सेन्टर** (सुएन वान र क्वाइ सिङ्ग जिल्लाहरू) टेलिफोन : 2402 1010

**कारिटास हग्स सेन्टर** (तुएन मुन जिल्ला) टेलिफोन : 2453 7030

**इभ्यानजेलिकल लुथरेन चर्च हङकङ, इन्लाइटन सेन्टर** (युएन लङ्ग जिल्ला) टेलिफोन : 2446 9226

**हङकङ शेङ्ग कुङ्ग हुइ वेलफेयर काउन्सिल नियो-होराइजन** (शा टिन जिल्ला) टेलिफोन : 8202 1313



वेब संस्करणको लागि, कृपया शिक्षा विभागको स्वस्थ विद्यालय नीति वेबपेज ब्राउज गर्नुहोस्: http://www.edb.gov.hk/antidrugforparents